# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मिति: २०८२।०९।०३ गते।

# प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको ।

जिल्ला पर्वत, कारागार कार्यालय, पर्वतका कार्यालय प्रमुख, इन्जिनियर र निर्माण व्यवसायी समेतको मिलेमतोमा आर्थिक वर्ष २०७८/०७९ मा कारागारको भान्साघर ब्लक निर्माणको लागि निकासा भएको रकम अनियमितता गरेको भन्नेसमेत व्यहोराको प्राप्त उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आर्थिक वर्ष २०७८।७९ मा ठेक्का नं. PO/Parbat/ Works/ NCB/01-078/79 को कारागार कार्यालय पर्वतको भान्साघर ब्लक निर्माण सम्बन्धी ठेक्का प्रक्रियामा लागत अनुमान रु.६३,७२,३९४।०१ (त्रिसठ्ठी लाख बहत्तर हजार तीनसय चौरानब्बे रुपैयाँ एक पैसा) (VAT र PS वाहेक) स्वीकृत गरी, स्वीकृत लागत अनुमानकै आधारमा बोलपत्र सम्बन्धी सूचना प्रकाशित गरी पेस भएको बोलपत्र मूल्याङ्कन समितिबाट बोलपत्र मूल्याङ्कन गरी प्रथम न्यून मूल्याङ्कित बोलपत्र पेस गर्ने सौर्य किरण कन्स्ट्रक्सनको कबोल अंक कार्यालयको स्वीकृत लागत अनुमान भन्दा समग्रमा ३३.८३ प्रतिशत कम रु.४२,१६,६५८।१७ (VAT र PS वाहेक) (बयालीस लाख सोह्र हजार छसय अन्ठाउन्न रुपैयाँ सत्र पैसा) रहेकोमा प्रथम न्यून मूल्याङ्कित बोलपत्र पेस गर्ने सौर्य किरण कन्स्ट्रक्सनले पेस गरेको बोलपत्रलाई गलत रूपमा व्याख्या गरी फ्रन्ट/व्याक लोडिङ गरेको भनी स्पष्टीकरण सोधी बिना आधार कारण पेस गरेको स्पष्टीकरण सन्तोषजनक नभएको भनी असफल गरी दोस्रो न्यून बोलपत्रमा कबोल गर्ने मोदीकाली कन्स्ट्रक्सनलाई स्वीकृत गर्न गलत सिफारिस गरेको देखिएको, बोलपत्र मूल्याङन समितिले प्रथम न्यून मूल्याङ्कित बोलपत्रदातासँग थप आठ (८) प्रतिशत कार्यसम्पादन जमानत लिई सम्झौता गरी निर्धारित समयमा गुणस्तरीय निर्माण कार्य गराउने विकल्प कार्यालयसँग विद्यमान रहेको साथै उक्त समयमा सम्झौता गर्न नआएमा कार्यसम्पादन जमानत जफत गरी कालोसूचीमा राख्न सिफारिस गरेर मात्र दोस्रो न्यून मूल्याङ्कित बोलपत्रको कारवाही अगाडि बढाउनुपर्नेमा कुनै आइटमहरुमा मात्र न्यून/अधिक दर प्रस्ताव गरेकै आधारमा ठेक्का रुग्ण हुने अनुमान गरी विना कुनै कार्यविधि/मापदण्ड र आधारमा मनोगत ढङ्गले स्पष्टीकरण सन्तोषजनक नभएको भनी उक्त बोलपत्र अस्वीकृत गरी मूल्याङ्कन समितिले मनोमानी रुपमा वदनियत राखी लक्षित निर्माण व्यवसायीलाई ठेक्का सुम्पने नियतले ठेक्का रुग्ण हुने भनी कसूरबाट उम्कन कपोलकल्पित आधार खडा गरी कार्यालयको स्वीकृत लागत अनुमान भन्दा समग्रमा ०.०२ प्रतिशत न्यून रु.६३,७१,१६१।३८ (VAT र PS वाहेक) (त्रिसठ्ठी लाख एकहत्तर हजार एकसय एकसठ्ठी रुपैयाँ अठतीस पैसा) कबोल गर्ने मोदीकाली कन्सट्रक्सनको बोलपत्र स्वीकृत गरेको देखिंदा सौर्य किरण कन्स्ट्रक्सनको कबोल अंक रु.४२,१६,६५८।१७ (VAT र PS वाहेक) र मोदीकाली कन्स्ट्रक्सनले बोलपत्र कबोल अंक रु.६३,७१,१६१।३८ को फरक रु.२१,५५,७३५।८४ (एक्काईस लाख पचपन्न हजार सातसय पैतीस रुपैयाँ चौरासी पैसा) नेपाल सरकार एवं कारागार कार्यालय पर्वतलाई आर्थिक हानी नोक्सानी एवं प्रतिबादीहरूलाई गैरकानूनी लाभ भएको देखिएकोले उक्त कार्य भ्रष्टचार जन्य कार्य भएको हुँदा भ्रष्टाचार निवारण ऐन २०५९ बमोजिमको कसूरमा संलग्न देहायका प्रतिवादीहरूउपर देहाय बमोजिमको सजाय हुन मागदाबी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय**

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | कारागार कार्यालय, कुश्मा पर्वतका कार्यालय प्रमुख तथा | रु.२१,५५,७३५।८४ | भ्रष्टाचार निवारण ऐन, २०५९ दफा १७ बमोजिमको कसुरमा बिगो रु. एक्काइस लाख पचपन्न हजार सात सय पैतीस रुपैयाँ |

| | | | |
|---|---|---|---|
| | मूल्याङ्कन समितिका अध्यक्ष **शिला श्रेष्ठ** | | चौरासी पैसा कायम गरी सोही भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को (संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम बिगो बमोजिम कैद सजाय गरी ऐ. भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना सजाय गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम बिगो असूल उपर हुन एवं गलत सिफारिस गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| २. | बोलपत्र मूल्याङ्कन समितिका सदस्यहरु सघन शहरी तथा भवन निर्माण आयोजना बागलुङका इन्जिनियर **विकाश अधिकारी**, कारागार कार्यालय, कुश्मा पर्वतका नायब सुब्बा **हरिकृष्ण शर्मा** र कोष तथा लेखा नियन्त्रणको कार्यालय, पर्वतका सह-लेखापाल **सुभास घर्ती** | जनही रु.२१,५५,७३५।८४ | भ्रष्टाचार निवारण ऐन, २०५९ दफा १७ बमोजिम बमोजिमको कसुरमा बिगो रु. एक्काइस लाख पचपन्न हजार सात सय पैतीस रुपैयाँ चौरासी पैसा कायम गरी सोही भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) को खण्ड (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिमको बिगो बमोजिम कैद सजाय गरी र ऐ. भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ उपदफा (२) बमोजिमको कसूरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| ३. | मोदीकाली कन्स्ट्रक्सन मोदी -६ पर्बतका प्रोपाइटर **प्रदिप तिमिल्सिना** | रु.२१,५५,७३५।८४ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरको ऐ.ऐ. ऐनको दफा २२ को प्रतिबन्धात्मक बाक्यांश बमोजिम नगदी तथा अन्य सुबिधा लाभ उपलब्ध गराई दिने एवं आफूले लिने मतियारको कसूर गरेको पुष्टि भएको हुँदा बिगो रु. एक्काइस लाख पचपन्न हजार सात सय पैतीस रुपैयाँ चौरासी पैसा कायम गरी सोही भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिबन्धात्मक बाक्यांश अनुसारको सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) र ऐ. दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम मूल कसूरदारलाई हुने सजायलाई आधारमानी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिबन्धात्मक बाक्यांश बमोजिम मूल कसूरदारलाई सरह कैद र जरिवाना सजाय गरी सोही भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम मूल कसूरदारलाई सरह बिगो असूल उपर हुन समेतको मागदाबी लिइएको छ। |

सहायक प्रवक्ता
गणेश बहादुर अधिकारी